# डोल्पो बुद्ध गाउँपालिकाका
# गाउँ सभाको उन्नाइसौ अधिवेशनमा
# अध्यक्ष श्री कार्मा छोईवेल गुरुङद्धारा
# प्रस्तुत
# डोल्पो बुद्ध गाउँपालिका, डोल्पाको आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम

## डोल्पो बुद्ध गाउँपालिका,धो, डोल्पा
## कर्णाली प्रदेश, नेपाल
## १० असार, २०८३

**डोल्पो बुद्ध गाउँपालिकाको गाउँ सभाको उन्नाइसौ अधिवेशनमा गाउँपालिका अध्यक्षद्धारा आ.व. २०८३/०८४ को प्रस्तुत वार्षिक नीति तथा कार्यक्रम**

**गाउँ सभाका सदस्यज्यूहरु,**

यस डोल्पोबुद्ध गाउँपालिकाको गरिमामय गाउँसभाको १९ औं अधिवेशनमा गाउँपालिकाको अध्यक्षको हैसियतले आ.व. २०८३।८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा मलाई अत्यन्त खुसी लागेको छ।

यस महत्वपूर्ण अवसरमा सर्वप्रथम नेपालको सार्वभौमसत्ता,भौगोलिक अखण्डता,स्वाधिनता,राष्ट्रिय हित,स्वाभिमान,सङ्घीय लोकतान्त्रिक गणतन्त्र,समावेशिता,सामाजिक न्याय,सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि विभिन्न चरण एवं Gen-Z आन्दोलनबाट शहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहान्छु। यस क्रममा बेपता, घाईते तथा अपागंता भएका व्यक्तिको स्वास्थ्य लाभको कामनासहित आन्दोलनमा सहभागी हुनुभएका सबैको योगदानको स्मरण गर्दै उच्च सम्मान व्यक्त गर्दछु।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा दीगो विकासका लक्ष्य र यस गाउँपालिकाले निर्माण गरेका ऐन तथा कार्यविधि र संघीय तथा प्रदेशले पटक पटक जारी गरेका आदेश एवं परिपत्र र नेपाल सरकारले जारी गरेको सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धि नीतिगत मार्गदर्शन समेतमा भएको व्यवस्था तथा प्रक्रियालाई अवलम्बन गरि सहभागितामूलक ढंगले यो नीति तथा कार्यक्रम तयार गरेको छु।

**गाउँ सभा सदस्यज्यूहरु,**

धो तराप लगायतका उच्च मानव बस्ती गाउँपालिकाको गरिमालाई आत्मसाथ गर्दै विकासलाई बहुआयामिक ढङ्गबाट गुणात्मकता प्रदान गर्ने नीति अंगिकार गरिने कुरा यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु। विकासका यी क्षेत्रहरुमा देहाय अनुसारका नीतिहरु तयार पारेको छु।

**भौतिक पूर्वाधार क्षेत्र**

१. सङ्घ र प्रदेश सरकारसँगको साझेदारीमा रणनीतिक महत्वका सडकको स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकता दिई गुणस्तरिय सडक यातायातको पहुँच स्थापित गरिनेछ।
२. आवधिक विकास योजनाका आधारमा क्रमिक रुपमा सडक, ढल, खानेपानी तथा सिंचाई क्षेत्रको प्राथमिकताको आधारमा योजना तर्जुमा गरिनेछ।
३. "आयोजना बैंक "तयार गरी समाविष्ट आयोजनाहरुमा मात्र प्राथमिकताका आधारमा बजेट विनियोजन गर्ने नीति लिइनेछ।
४. डोल्पोबुद्ध गाउँपालिका भित्रको तोलतोल देखि मेरिम्ला नाकासम्मको सडकलाई सङ्घीय सरकारको साझेदारीमा मापदण्ड अनुरुप निर्माण तथा स्तरोन्नती गर्नका लागि पहल गरिनेछ।
५. सङ्घीय सरकारको साझेदारीमा पुरातात्विक, साँस्कृतिक प्राचीन स्मारक संरक्षण तथा प्रवर्द्धनको नीति लिइने छ।
६. प्राचीन कालीन तिन्जे एयरपोर्टलाई ऐतिहासिक पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ।
७. अन्तर्राष्ट्रिय व्यापार तथा रणनीतिक दृष्टिकोणले महत्वपुर्ण देखिएको डोल्पाको मेरिमला नाका खुला गर्न नेपाल सरकारसँग पहल गरिनेछ।
८. अधुरा र रणनीतिक रुपमा महत्वूर्ण ठानिएका आयोजनाहरु द्रुतगतिमा सम्पन्न गर्ने नीति अवलम्बन गरिनेछ।

९. भवन निर्माण गर्दा भूकम्प प्रतिरोधी भवन संहिता (Building Code) अनिवार्य लागू गर्ने र सार्वजनिक भवनहरू नागरिकमैत्री बनाउने नीति लिइनेछ।

१०. सबै वडा र विद्यालयमा इन्टरनेट पहुँच पुऱ्याउने तथा दुर्गम बस्तीमा सौर्य वा वैकल्पिक ऊर्जा विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

**खानेपानी तथा सरसफाइ:**

११. डोल्पोबुद्ध गाउँपालिकालाई क्रमश शून्य फोहोरमैलाको गाउँपालिकाका रुपमा विकास गर्न फोहरको व्यवस्थापन गर्न फोहरको कम प्रयोग, बर्गीकरण गरी पून: प्रयोग र संङकल विधिको प्रयोग गरिनेछ।

१२. फोहोरमैलाको दीगो व्यवस्थापन गर्नको लागि "**एक टोल एक डम्पीङ साइट निर्माण**"अभियानलाई तिव्र रुपमा अगाडि बढाइनेछ।

१३. "एक घर एक धारा" को लक्ष्यसहित **खानेपानी सुरक्षा योजना** बनाई कार्यान्वयन गरिने छ।

१४. सरसफाइ गुरुयोजना अनुसार गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त बनाउन सरोकारवाला सबैसँग सहकार्य गरिने छ

## सामाजिक विकास तर्फ

### स्वास्थ क्षेत्र

१५. गाउँपालिकालाई **पूर्ण खोप सुनिश्चित** गर्ने , सुरक्षित मातृत्वका लागि स्वास्थ्य संस्थामा प्रसूति हुने दर बढाउने र कुपोषण न्यूनीकरणका लागि पोषणमैत्री पालिका बनाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

१६. गाउँपालिकामा रहेका गर्भवति महिला, सुत्केरी आमा तथा बालबालिकाहरुको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार गर्न एकीकृत पोषण कार्यक्रम सञ्चालन गरिने छ।

१७. नेपाल सरकारसँगको सहकार्य र समन्वयमा सम्पूर्ण गाउँबासीहरुलाई स्वास्थ्य बिमा कार्यक्रममा सहभागी गराइनेछ साथैं गरिब तथा अति विपन्न घरपरिवारको नि:शुल्क स्वास्थ्य बिमा बनाउने नीति अवलम्बन गरिनेछ।

१८. आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउँदै स्वास्थ्य चौकी,आभारभुत स्वास्थ्य केन्द्र तथा स्वास्थ्य शिविर मार्फत स्वास्थ्य सेवा प्रवाह गरिनेछ।

१९. गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुबाट X-ray तथा टेलिमेडिसिन लगायत आधुनिक उपचार पद्दतिको प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ।

२०. असहाय, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकहरुलाई घरदैलोमै आधारभुत स्वास्थ्य सेवा प्रदान गरिनेछ।

२१. लुकेको भोकमरी हटाई पोषणमा सुधार गर्न सुनौला १००० दिनलाई महत्वपूर्ण उपलबधीको रुपमा लिदै दीगो विकासका लक्ष्य हासिल गर्न स्थानीय उत्पादनको खाद्य विविधीकरण र आनीबानीमा सुधार गर्न पोषण सुधारका कार्यक्रम सञ्चालन गरिने छ।

२२. स्वास्थ्य प्रवर्धन र एवम् सचेतनामूलक कार्यक्रममा महिला स्वास्थ्य स्वयंसेविकाको परिचालन गरिनेछ।

२३. महिला स्वास्थ्य स्वयंसेविकाको योगदानको कदर गर्दै प्रदेश सरकार सँगको सहकार्यमा प्रोत्साहन गर्ने नीति अवलम्वन गरिने छ।

२४. आयुर्वेद(आम्ची) चिकित्सा,योग ध्यानलाई जीवन पद्धतिको रुपमा लिई स्वास्थ्य सेवा प्रवाहको एक महत्वपूर्ण माध्यमका रुपमा स्वास्थ्य सेवा प्रवर्द्धन गरिनेछ।

### शिक्षा, युवा तथा खेलकुद क्षेत्र

२५. विद्यालयमा विद्यार्थीको टिकाउ दर र सिकाइ उपलब्धि बढाउन **'डिजिटल लर्निङ'** र स्थानीय पाठ्यक्रममा आधारित शिक्षालाई जोड दिइनेछ ।

२६. कम्जोर सिकाइ क्षमता भएका विद्यार्थीहरुको शैक्षिक उपलब्धी Equity index (समता सूचक ) बढाउन विद्यालय केन्द्रित विशेष शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

२७. विद्यालय शिक्षा क्षेत्र कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न कार्ययोजना बनाई कार्यान्ववयन गरिनेछ ।

२८. सामुदायिक विद्यालयहरुलाई क्रमिक रुपमा प्रविधिमैत्री र डिजिटल विद्यालय बनाउन स्मार्ट कक्षाकोठा निर्माणमा जोड दिइनेछ ।

२९. गाउँपालिका भित्रका प्राविधिक विषयमा स्नातक तथा प्रविणता प्रमाण तह विषयमा उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीहरुका लागि प्रदान गर्दै आएको"**स्थानीय सरकार छात्रवृत्ति कार्यक्रमलाई** निरन्तरता दिइनेछ ।

३०. खेलकुदका माध्यमबाट गाउँपालिकाको पहिचान तथा सम्मान अभिवृद्धि गर्न खेलकुद जन्य प्रतियोगितात्मक कार्यक्रमहरु संचालन गर्दै"**एक वडा एक खेलकुद मैदान**" को नीतिलाई निरन्तरता दिइनेछ ।

३१. सामुदायिक विद्यालयहरुको गुणस्तर अभिवृद्धि गर्न उत्कृष्ट विद्यालय, उत्कृष्ट शिक्षक,विद्यालयको स्तरीकरण गर्ने कार्यलाई उच्च प्राथमिकता दिइने छ ।

३२. पूर्ण साक्षरता गाउँपालिका घोषणा गर्न गैहसरकारी संघसंस्थाहरुसँगको सहकार्यमा समेत अनौपचारिक शिक्षाका लागि सामुदायिक सिकाई केन्द्र स्थापना तथा सञ्चालन गरिने छ ।

## महिला बालबालिका तथा समाजकल्याण क्षेत्र

३३. महिलाहरुलाई माग तथा आवश्यकताका आधारमा सीपमुलक तथा आयआर्जनका कार्यक्रम संचालन गरी आत्मनिर्भर उन्मुख नीति अवलम्वन गरिनेछ ।

३४. बालमैत्री, पोषणमैत्री, ,युवामैत्री, अपाङगमैत्री, लैंगिकमैत्री स्थानीय शासनलाई प्रवर्दन गरिने छ ।

३५. बाल श्रम र बाल विवाहको अन्त गर्न सडक नाटक, विद्यालयमा बालविवाह न्यूनीकरणका कार्यक्रम, अभिभावक शिक्षा, बहास पैरवी कार्यक्रम सञ्चालन गरिनेछ ।

३६. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई परिचालन गरी बाल संरक्षण नीतिको प्रभावकारी कार्यान्वयन गरिने छ ।

३७. विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान गरी विद्यालय भर्ना र निरन्तरता गर्ने नीति अवलम्बन गरिनेछ ।

३८. कार्यगत क्षमतामा सिमितता भएका बालबालिका एवं महिला,युवा,,अल्पसंख्यक आदिको पहिचान गर्न घुम्ती शिविर सञ्चालन गरी घरदैलोबाट अपाङगता भएका व्यक्तिहरुको लागि परिचयपत्र वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।

३९. जेष्ठ नागरिकहरुको खुशी साटासाट तथा सम्मान एवम् अन्तरपुस्ता ज्ञान, सीप र अनुभव आदान प्रदान गर्ने नीति अवलम्वन गरिनेछ ।

४०. **अपाङ्गता भएका र लक्षित वर्गका** लागि सीपमुलक तथा आयआर्जनका कार्यक्रम सञ्चालन गरिनेछ ।

## आर्थिक विकास क्षेत्र

### कृषि

४१. **कृषि** क्षेत्रका लागि पूर्वाधार विकास गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

४२. खाद्य तथा पोषण सुरक्षालाई सुधार गर्न रैथाने बालीको उत्पादन, संरक्षण, खाद्य विविधिकरण, र बजारीकरणलाई प्रवर्द्धन गरिने छ ।

४३. **उच्च मूल्यका सिबकथोर्न, जिम्बु आदिको व्यावसायिक उत्पादन,प्रसोधन,ब्रान्डिङ एवं बजारीकरण गर्न उच्च प्राथमिकता दिइनेछ ।**

४४.लुकेको भोकमरी हटाई पोषणमा सुधार गर्न ग्रिनहाउस भित्र तरकारी खेती प्रवर्द्धन गर्न लागि प्लाष्टिक शीट तथा विउविजनमा अनुदान दिने कार्यलाई निरन्तरता तथा विस्तार गरिनेछ ।

**पशुपन्छी विकास**

४५. भेडा/ च्याङग्रा चौरी कार्यक्रम प्रवर्द्धन तथा साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४६. व्यवसायिक रुपमा पशुपालन गर्ने कृषकहरुलाई उत्पादन सामग्रीमा अनुदान तथा प्रोत्साहन दिने नीति अवलम्बन गरिनेछ ।

४७. पशुपन्छीमा लाग्ने रोगको रोकथाम र उपचारको लागि पशु उपचार सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्न गोठसम्म सेवा दिने कार्यलाई निरन्तरता दिईनेछ ।

४८.जंगली जनावरको आक्रमणलाई न्यूनिकरणको लागि रमन(गोठ) निर्माण/सुधार गर्न विभिन्न निकायसंग समन्वय तथा सहकार्य गर्ने निति लिइनेछ ।

**सहकारी क्षेत्र**

४९. उत्पादनमूलक सहकारीहरुको स्थापना गरी विँउ पूजी लगानीको रुपमा सहयोग उपलब्ध गराउनुका साथै वार्षिक उत्पादनका आधारमा अनुदान दिने नीति अवलम्वन गरिनेछ ।

५०. गाउँपालिकामा सहकारी सस्था दर्ताको लागि प्रोत्साहन गर्न सहकारी शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।

**गाउँ सभा सदस्यज्यूहरु,**
**अब म उद्योग रोजगारी र पर्ययटन तर्फक नीति प्रस्तुत गर्न चाहन्छु ।**

**उद्योग, रोजगारी र पर्यटन**

५१.स्थानीय उत्पादनको मूल्य अभिवृद्धि गर्न रैथाने बाली, सिबकथोर्न र जिम्बुमा आधारित घरेलु उद्योग स्थापना गरिने छ ।

५२. तोरी मिल उद्योगबाट उत्पादित तेलको ब्रान्डिङ गरी बजारीकरण गर्ने नीति अङ्गिकार गरिनेछ ।

५३.मागमा आधारित सीपमुलक तालिम तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरी गरीबी न्यूनीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

५४. **राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम मार्फत** बेरोजगार तथा विदेशबाट फर्केका युवाहरुको पूजी परिचालन गर्ने नीति लिइनेछ ।

५५. भौतिक र अभौतिक सम्पदालाई समेटी **पर्यटन गुरुयोजना** निर्माण गरी पर्यटन प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

**वन, वातावरण,विपद व्यवस्थापन**

५६. **वनजङ्गल संरक्षण तथा प्रवर्द्धनका लागि** एक घर एक बैस वृक्षरोपणको निति अवलम्बन गरिनेछ

५७. वातावरणमा प्रतिकुल असर नपर्ने गरि प्रचलित कानुन बमोजिम गाउँपालिका भित्र रहेका खोलानालाबाट ढुंगा, गिट्टी र बालुवा उत्खनन् गरि बिक्रि वितरण गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।

५८. विकास निर्माणका कार्यहरु सञ्चालन गर्नु पूर्व विस्तृत सम्भाव्यता अध्ययन, **IEE,EIA तथा जग्गा प्राप्तिलाई** अनिवार्य गरिनेछ ।

५९. **विपद् व्यवस्थापनका लागि कोष** स्थापना, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार तथा स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) निर्माण गरिने छ ।

**सुशासन तथा संस्थागत विकास**

६०. सेवा प्रवाहलाई जनमैत्री, पारदर्शी,उत्तरदायी तथा जवाफदेही बनाउन सेवा प्रवाहका वैकल्पिक औजारहरु सेवाग्राही सन्तुष्टि सर्वेक्षण,सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाईलाई अनिवार्य गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

६१. गाउँपालिकाको आन्तरिक आय वृद्धि गर्न **राजस्व सुधार गुरुयोजना निर्माण गरी** लागू गरिने छ ।

६२. वित्तीय सुशासन कायम गर्न बेरुजू फछ्र्यौटलाई प्राथमिकता दिइने छ ।

६३. स्थानीय विवाद समाधानमा मेलमिलाप संस्कृतिको विकास गर्न **मेलमिलाप केन्द्र** स्थापना गरी न्यायिक समितिको कामकारवाहीलाई प्रभावकारी गराइने छ ।

६४. गाउँपालिकाबाट प्रदान गरिने सेवालाई चुस्त,दुरुस्त तथा छिटो / छरितो ढङ्गले सम्पादन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सूचना प्रविधिमा आधारित सेवा प्रवाहमा जोड दिइने छ ।

६५. मोवाइल नेटवर्कमा 4G सेवा संञ्चालनका लागि सङ्घीय सरकारसँग समन्वय र आवश्यक पहल गरिने छ ।

अन्त्यमा, यस ऐतिहासिक गाउँसभको १९ औं अधिवेशनमा पाल्नुभएका उपाध्यक्ष र सम्पूर्ण गाउँ सभा सदस्यज्यूहरुलाई धन्यवाद व्यक्त गर्दछु। गाउँको विकासमा सदैव सहयोग गर्नुहुन आम गाउँबासी दाजुभाई दिदीबहिनीहरु, राजनैतिक तथा सामाजिक अगुवाहरु, सम्पूर्ण सरकारी तथा गैह्रसरकारी निकायहरु, सुरक्षाकर्मीहरु, पत्रकार मित्रहरु एवम् कर्मचारीहरु सबैलाई हार्दिक आभार व्यक्त गर्दै आगामी दिनहरुमा समेत अझै उर्जाशील सहयोगको अपेक्षा राखेको छु ।

**कार्माछोईवेल गुरुङ**
**अध्यक्ष**
**२०८३ असार १०**